# वार्षिक नीति तथा कार्यक्रम
# आ.व.२०७८/०७९

थाक्रे गाउँपालिका
गाउँपालिकाको कार्यालय
महादेववेशी, धादिङ
बागमती प्रदेश, नेपाल

# थाक्रे गाउँपालिका
# महादेववेशी धादिङ
# वार्षिक नीति तथा कार्यक्रम आर्थिक वर्ष २०७८/०७९

**सम्मानित सभाका सभाअध्यक्ष ज्यू**

**गाउँ सभाका सदस्य ज्यूहरु ।**

थाक्रे गाउँपालिकाको यस गरिमामय नवौ गाउँसभामा आगामी आ.व.२०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफुलाई अत्यन्तै गौरवान्वित महशुस गरेको छु। ईतिहाँस मै पहिलो पटक संविधान सभाबाट जारी नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा शान्ति, सुशासन, विकास र सम्वृद्धिको आकांक्षा पुरा गर्न संघ, प्रदेश र स्थानीय तहको गठन भई पहिलो कार्यकालको कार्य संचालन गर्दै आएको पनि चार वर्ष व्यतित भई सकेको छ । संघ प्रदेश र स्थानिय तहको विचमा सहकारीता, समन्वय, सहयोग र सह-अस्तित्वबाट **"संम्वृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय लक्ष्य पुरा गर्नु हामी सबैको साझा दायित्व हो । यही राष्ट्रिय लक्ष्यलाई आत्मसात गर्दै हामिले पनि **"सम्वृद्ध थाक्रे सुखी थाक्रे वासी"** को लक्ष्य लिएका छौ र सो को कार्यान्वयन गरी निर्धारित लक्ष्य हासिल गर्ने हामी सबैको साझा प्रतिवद्धता यस गरिमामय सभामा पून दोहोर्‍याउन चाहन्छु ।

नेपालको सार्वभौम सत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र स्वाभिमान, लोकतन्त्र, लैङ्गिक समानता र सामाजिक न्याय लगायत आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरणका लागि भएका विभिन्न आन्दोलनहरुमा अग्र पंक्तिमा रहेर योगदान गर्नु हुने सम्पुर्ण अग्रज विर पूर्खाहरु प्रति उच्च सम्मान व्यक्त गर्दै यस अभियानमा आफ्नो अमुल्य जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। विभिन्न आन्दोलनमा घाइते तथा अपाङ्गता भई कष्ठकर जिवन बिताई रहनु हुने सहयोद्धाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

समृद्ध नेपाल र सुखी नेपालीको महान यात्रामा लम्कदै गर्दा विश्वमा मानव अस्तित्वलाई चुनौति दिने गरि विगत वर्षबाट शुरु भएको कोभिड १९ को माहामारीबाट हाम्रो देश पनि अलग रहन सकेन कोभिड १९ को माहामारीका कारण ज्यान गुमाउनु हुने सम्पुर्ण नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। यस माहामारीबाट संक्रमित भई होम आईसोलेसन तथा विभिन्न अस्पतालहरुमा उपचाररत सम्पूर्ण बिरामीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। यस महामारीको रोकथाम, नियन्त्रण र उपचार गर्न

आर्थिक, प्राविधिक तथा व्यवस्थापकिय सहयोग पुर्‍याउनुहुने नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, नीजि क्षेत्र, राष्ट्रिय एवं अन्तराष्ट्रिय संघसंस्था, विकास साझेदारहरु एवं सम्पूर्ण सरोकारवालाहरुप्रति उच्च सम्मान व्यक्त गर्दै यस अभियानमा अहोरात्र खटिई सेवा प्रवाह गर्नुहुने सम्पूर्ण स्वास्थ्कर्मीहरु, सुरक्षाकर्मीहरु, कर्मचारीहरु, एम्वुलेन्स एवं सवारी चालकहरु, उद्योगी, व्यापारी, शिक्षक, युवा, विद्यार्थी, समुह तथा सहकारी लगायत सम्पूर्ण स्थानिय स्वयंसेवीहरुलाई गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यतिवेला नयाँ भेरिएन्ट सहितको कोरोना भाईरसको कारणले देशले ठुलो मानवीय तथा आर्थिक क्षती वेहोर्नु परेको छ । यस  राष्ट्रिय स्तरमा उद्योगधन्दा कलकारखाना संचालनमा नआउनु, रोजगार गुम्नु, पर्यटन व्यवसाय, यातायात तथा होटल व्यवसाय प्राय जसो ठप्प हुनु, आयातित वस्तुको वजार मुल्य बढ्नु, निर्यातमा समस्या हुनु, अन्तराष्ट्रिय उडानहरु बन्द हुनु, वैदेशिक रोजगारी गुम्नु, रेमिटेन्स घट्नु, ७२ सालको भुकम्पका कारण ध्वस्त भएको घर टहराहरु पूर्ननिर्माण गर्ने क्रममा एक दुई कोठा निर्माण मै सिमित भएका कैयौ परिवारमा रोजगारीको लागि देशका विभिन्न भुभागमा छरिएर रहेका पारिवारीक सदस्यहरु लक डाउनको समयमा घर फर्कदा सुरक्षित र मर्यादित बसाई व्यवस्थापन हुन नसकि पारिवारिक कलह थपिनु तथा खाद्यन्नको अभाव हुनु, महिला तथा किसोरीहरुमा कार्यबोझ बढ्नु, जुवा तास र अनियन्त्रित मदिरा सेवनबाट परिवार तथा समाजमा अशान्ति एवं भैझगडा बढ्नु, घरेलु, यौनजन्य तथा लैङ्गिकताका आधारमा हुने हिंसा, वालविवाह, मानववेचविखन तथा ओसारपसार जस्ता घटनाहरुमा बृद्धि भई यसको नियन्त्रणमा समेत चुनौती थपिएका छन् जसका कारण देशको आर्थिक एवं सामाजिक संकट व्यवस्थापनका लागि संघ, प्रदेश तथा स्थानिय तहको बजेट एवं मानविय जनशक्तिको ठुलो हिस्सा कोभिड १९ को नियन्त्रण तथा व्यवस्थापनमा खर्च भएबाट आर्थिक एवं सामाजिक विकास तर्फ अघि बढिरहेको हाम्रो अर्थतन्त्र र सामाजिक मुल्यमान्यतामा गतिरोध सिर्जना भएको छ। यस असहज परिस्थितिमा सम्पुर्ण जनसमुदायलाई जन स्वास्थ्यका मापदण्डहरुको पूर्ण पालना गर्दै सुरक्षित र सचेत रहन सम्पूर्ण गाउँपालिकावासीहरुमा हार्दिक अपिल गर्दछु र कोभिड १९ को माहामारीको कारणले रोजगारी गुम्न गई खाद्यन्न संकट तथा स्वास्थ्य उपचारमा समस्या परेका नागरिकहरुको लागि विशेष राहत तथा जिवीकोपार्जन सहयोगका कार्यक्रमहरु संचालन गरि रोग र भोकबाट मुक्त गर्न विशेष योजना संचालन गर्ने प्रतिवद्धता जनाउँन चाहन्छु ।

वर्षायामको शुरुवात संगै हालै परेको अविरल वर्षाको कारण वाढी पहिरो गई सिन्धुपाल्चोक लगायत देशका विभिन्न भागमा धेरै जनधनको क्षति भएको छ । कैयौ व्यक्तिहरु अझै सम्म वेपत्ता भईरहेका छन् । कैयौ घरपरिवारले आफ्नो घरवास गुमाउनु परेको छ । यस विषम परिस्थितीमा वाढी पहिरोमा परि ज्यान गुमाउनुहने सम्पूर्ण नागरिकहरुमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । घाईतेहरु प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । वेपत्ताहरुको खोजी तथा उद्धार कार्यमा सम्पूर्ण जनशक्ति परिचालन गर्न र घरवार विहिन हुने सम्पूर्ण व्यक्ति एवं परिवारहरुको लागि गाँस, वास सहित औषधि उपचारको व्यवस्था मिलाउन नेपाल सरकारसंग हार्दिक अनुरोध गर्दछु ।

**आदरणिय सभाध्यक्ष महोदय,**

संघिय व्यवस्था बमोजिम गठीत तीनै तहका सरकारको लक्ष्य तथा उद्देश्य सन्तुलित उत्पादन र न्यायोचित वितरण हो । सबै जाती, वर्ग, लिङ्ग, क्षेत्र र विभिन्न अवस्थामा रहेका समुदायका नागरिकहरुको जिवनमा आर्थिक, सामाजिक र साँस्कृतिक दुष्टिकोणबाट समेत स्पष्ट लाभको अनुभुत गर्ने गरी दिगो, सकारात्मक, गुणस्तरीय र समन्यायीक गुण सहितको परिवर्तन ल्याउन आवश्यक छ। यसको प्रभावकारी कार्यान्वयनका लागि एकात्मक केन्द्रीकृत शासन प्रणालीको तुलनामा संघीय शासन प्रणालीमा नै नागरिकलाई सहकारसंगको सहज पहुँच स्थापित हुने विश्वास लिएर नेपालको संविधानले संघीयता अवलम्बन गरेको छ । यसै सन्दर्भमा नागरिकका यीनै सवालहरु संघ, प्रदेश र स्थानीय तहका सरकारका साझा गन्तव्य बन्नु पर्छ र बनाउनु पर्दछ । यसका लागि तीन वटै तहमा आ आफ्नो काम, कर्तव्य र अधिकारका क्षेत्रमा स्पष्टताका साथ आपसी समन्वय र सहकार्य गरी समृद्धिको यात्रामा अगाडी वढ्न सबै पक्षसंग हार्दिक अपिल गर्दै यहाँहरुसंग निरन्तर हातेमालो गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

देशले लिएको राजनैतिक, आर्थिक, सामाजिक र भौतिक विकासका लक्ष्यहरुलाई पुरा गर्न नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, १५ औ. आवधिक योजना, संघीय सरकारका नीति तथा कार्यक्रम, प्रदेश सरकारका नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्यहरु, गाउँपालिकाका आवश्यकताहरु तथा थाक्रेवासी नागरिकका इच्छा चाहानाहरुलाई समेत यस नीति तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरेको छु । आगामी आ.व.मा जनताले राखेको अपेक्षालाई संम्बोधन हुने गरी आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास, लैगिक समानता, सामाजिक न्याय र सुशासनको सम्बन्धमा हाम्रो आवश्यकता र क्षमतालाई समेत मध्यनजर गर्दै आगामी आ.व.२०७८/०७९ को नीति तथा कार्यक्रम पेश गरेको छु ।

संघियता कार्यान्वयनको जगमा हाम्रो गाउँपालिका विकासको प्रारम्भिक चरणमा छ । पुर्वाधार विकास हाम्रो पहिलो आवश्यकता भएको कारण घरघरमा खानेपानी, वाह्रै महिना चल्ने ग्रामिण सडक, मा.वि. सम्म निःशुल्क शिक्षा, गुणस्तरिय सर्बसुलभ स्वास्थ्य सेवा, वृहत सिंचाई, काठेपोल विस्थापन सहितको विद्युतिकरण, सुरक्षित र उज्यालो वजारका लागि सौर्य वत्ति तथा सिसिटिभि जडान लगायत गाउँपालिका र वडा पालिका कार्यालयहरुको प्रशासनिक भवनहरुको निर्माण जस्ता विकासका पूर्वाधार तयार गर्न नै धेरै वजेट खर्च गर्नु पर्ने वाध्यता हामीसँग छ । यसका बावजुत पनि कृषि, पर्यटन, पशुपालन, व्यापार व्यवसाय तथा उद्योग प्रवर्द्धन लगायतका आर्थिक, सामाजीक, साँस्कृतिक एवं मनोसामाजीक समस्याका क्षेत्रमा योजनावद्ध ढंगले नीतिहरु निर्माण गरी कार्यान्वयन गरिरहेका छौ । महिला, वालवालिका, अपाङता, जेष्ठ नागरिक, गरिव तथा पछाडि परेका वा पारिएका वर्गको सशक्तिकरणका लागि विशेष योजना बनाई लागु गरिरहेका छौं । हिंसा तथा जोखिममा रहेका महिला तथा वालवालिकाहरुका लागि सुरक्षित आवास गृह संचालन, मनोरोगी एवं सडक मानवहरुको उपचार, उद्धार एवं पुनस्थापन, एकल महिलाको लागि रंगभेद मुक्त अभियान, विपन्नसंग अध्यक्ष, उद्यमीसंग उपाध्यक्ष कार्यक्रम मार्फत लक्षित समुदायहरुको सीप क्षमता अभिवृद्धि तथा जीविकोपार्जनका लागि विउपूजीको सहयोग लगयतका कार्यक्रम मार्फत सबै नागरिकहरुलाई विकासको मुल प्रवाहमा ल्याई संस्थागत विकासमा जोड दिन गेम चेन्जर परियोजना समेत लागू गरी धेरै हद सम्म सफलता हासिल भएको यस गरिमामय सभामा जानकारी गराउन चाहन्छु ।

संघीयताको अवधारणा अनुरूप नेपालको संविधानले स्थानीय तहहरूलाई कार्यकारी, व्यवस्थापकीय र न्यायिक  अधिकारहरु सुनिश्चित गरेको छ । जसले गर्दा स्थानीय तहहरू अन्य तहका सरकारहरूसंग सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तका आधारमा सम्बन्ध कायम गरि व्यवस्थापकीय, कार्यकारी र न्यायिक अधिकारहरु प्रयोग गर्न सक्षम बनेका छन् । सशस्त्रद्वन्दको रुपान्तरण पश्चात संक्रमणकालिन व्यवस्थाको अन्त्य भई संघीयताको सफल कार्यान्वयनसंगै नागरिकले सबैभन्दा नजिकबाट देख्ने र भेट्ने सरकारको रुपमा स्थानिय सरकार रहेको छ। स्थानिय सरकारबाट प्रदान गरिने सेवा नै छिटो र प्रभावकारी हुन्छ भन्ने संघीयताको मूल मर्म अनुरुप नीति, नियम, ऐन कानुन, योजना तथा वजेट तर्जुमा गरि यसको कार्यान्वयन स्थानीय स्तरमै प्रभावकारी ढंगले भइरहेका छन् । हामीले गाउँपालिकाको समग्र विकासमा आम नागरिकले महसुस गर्ने गरी उल्लेख्य सुधारका कामहरुको थालनी गरेका छौ र नागरिलाई **“गाउँ गाउँमा सिंहदरवार, घरघरमा स्थानिय सरकार”** को अनुभुति दिन सफल भएका छौ । यसका वावजुत पनि गाउँपालिकाको समग्र विकासको लागि पालिका स्तरिय गौरवका आयोजनाहरुको संचालन, सम्पन्न भएका योजनाहरुको हस्तान्तरण र संस्थागत विकास तथा लक्षित समुदायको सामाजिक सुरक्षा, स्वरोजगार एवं जनजीविकाको सवालमा गर्नुपर्ने कार्यहरु अझै धेरै बाँकी रहेको अनुभूति गरिरहेका छौं । यसको उचित सम्वोधनका लागि चालु आ.व. ०७८/७९ मा अझै तिव्र गतिमा आयोजनाहरु सम्पन्न गरी यो महत्वपूर्ण तथा ऐतिहाँसिक कार्यकाल सफल बनाउन एक कोशेढुंगा सावित हुने विश्वास लिएको छु ।

गाउँपालिकालाई अझै सबल र समृद्ध बनाउन हामीसँग उपलब्ध भएको सिमित श्रोत साधनको अधिकतम् सदुपयोग गरी नयाँ जोश जाँगरका साथ समग्र विकास निर्माणमा दत्तचित्त भएर जिम्मेवारी निर्वाह गर्न सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक अपील गर्दछु । साथै थाक्रेवासीको भावना र आवश्यकताको उच्च सम्मान गर्दै गाउँपालिकालाई सुन्दर, शान्त र समृद्ध बनाउने अभियानका साथ **“समृद्ध थाक्रे सुखी थाक्रेवासी”** को नारालाई आत्मसाथ गरी सोही अनुसारको दीर्घकालीन उद्देश्य राखी यस गाउँपालिकाको समग्र राजनैतिक, आर्थिक सामाजिक र सांस्कृतिक विकासमा अगाडी बढाउन हामी मन, वचन र कर्मले सधैं प्रतिवद्ध र कटिवद्ध बनेका छौ र बनिरहने छौं भन्नेमा एकमत छौं । हामीले लिएको लक्ष्य प्राप्त गर्न गाउँपालिकाको अवस्था झल्कने डकुमेन्ट्री,   भिलेज प्रोफायल २५ बर्षे गुरु योजना निर्माण भईसकेको र ५ बर्षे आवधिक योजना तयारीको अन्तिम चरणमा रहेको व्यहोरा समेत सम्मानित सभामा अवगत गराउन चाहन्छु ।

कोभिड-१९ महामारीले सिर्जना गरेको हाम्रो कार्यकालकै सर्वाधिक चुनौतीपूर्ण परिस्थितिको सामना गर्दै भोलिन्टिएर बैंक मार्फत सम्पुर्ण थाक्रेवासीहरुको जीवन रक्षा गर्न, अत्यावश्यक औषधी उपचार, स्वास्थ्य सामाग्रीहरुको व्यवस्थापन, विपन्न तथा जोखिममा रहेका परिवारहरुको लागि राहत सहयोग एवं जीविकोपार्जन कार्यक्रम मार्फत रोग र भोकबाट उन्मुक्ति दिदै गाउँपालिकाको समग्र विकासको प्रकृयामा सम्पूर्ण सरोकारवालाहरलाई अझ गतिशील बनाउन म यस थाक्रे गाउँपालिकाको आ.ब.२०७८/०७९ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

आ.ब.२०७८/०७९ को नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरु

(क) कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा व्यवस्थापन,

(ख) कोभिड १९ को प्रभावबाट शिथिल भएको अर्थतन्त्रको पुर्नरउत्थान,

(ग) कृषिको आधुनिकीकरण, व्यवसायिकरण, र बजारीकरण

(घ) कृषि उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि मार्फत खाद्य सुरक्षाको प्रत्याभूति,

(ङ) शीघ्र प्रतिफल प्राप्त हुने रणनीतिक महत्वका पूर्वाधार निर्माण (सड्क सुधार),

(च) सबै प्रकारका विभेद र असमानताको अन्त्य, समन्यायिक विकास र विकासका प्रतिफलको न्यायपूर्ण वितरण

(छ) जीवनपयोगी एवम् सीपयुक्त शिक्षामा लगानी,

(ज) गुणस्तर तथा सर्वसुलभ स्वास्थ्य सेवामा सुधार,

(झ) सूचना प्रविधि तथा संञ्चारमा विकास,

(ञ) जनताको जीवनस्तर, आम्दानी र रोजगारीमा अभिवृद्धी

(ट) विपद् व्यवस्थापन

(ठ) दिगो विकास वातावरणीय संरक्षण तथा सम्बर्द्धन

(ड) भष्ट्राचार नियन्त्रण, सुशासन र सेवा प्रवाहमा प्रभावकारीता

(ढ) लैगिक समानता र सामाजिक समावेशीकरण

(ण) पर्यटन पुर्वाधार तथा संस्कृति प्रवर्द्धन

(त) मानसिक स्वास्थ्य, योग, प्राकृतिक चिकित्सामा जोड

**(क) आर्थिक तथा राजश्व सम्बन्धी नीतिः**

१. थाक्रेको आवश्यकता र विकासका लागि आवश्यक पर्ने राजश्व संकलन गरि थाक्रे गाउँपालिकालाई आत्मनिर्भर बनाउन आन्तरीक राजश्वको दायरालाई वृद्धि गरिनेछ । साथै राजस्वका थप क्षेत्र पहिचान गरी राजस्व वृद्धि गर्ने नीति लिइने ।

२. जनतालाई करको भार महसुस नगराई, निजी क्षेत्रको विकासमा वाधा नपुग्ने गरि प्रगतीशिल कर प्रणालीको माध्यमद्धारा करका दरहरु निर्धारण गरिनेछन् ।

३. गाउँपालिकाको आन्तरिक राजश्वलाई अभिवृद्धि गर्न गाउँपालिकाबाट उपलब्ध गराइएका सेवा सुविधा वापत न्यनतम् सेवा शुल्क निर्धारण गरिनेछ ।

४. **“राजश्व संकलन भार होइन संमृद्धिको आधार हो”** भन्ने चेतना जागरण गराउन कर सम्बन्धि प्रशिक्षण, छलफल वा तालिम कार्यक्रम मार्फत सचेतना अभियान निरन्तर संचालन गरिनेछ ।

५. सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायको आधारमा उपेक्षित वर्गका लागि सहुलियत हुने गरी तोकिए बमोजिम सेवा शुल्क निर्धारण गरिने ।

६. गाउँपालिका भित्र उच्चतम तथा समयमा कर तिर्ने करदातालाई सम्मान गरिनेछ । साथै गाउँपालिका क्षेत्रका उत्कृष्ट उद्यमीलाई पुरस्कृत गरिनेछ ।

७. जग्गाको वर्गिकरण गर्दा पृथ्वी राजमार्ग, त्रिभुवन राजपथ र भिमढुंगा लामिडाँडा कालोपत्रे सडक आसपासको जमीनलाई छुट्टै वर्गमा राख्ने, महादेववेंसी, जुंगेखोला र सिम्ले बजार क्षेत्रका खाली जमीनलाई अर्को वर्गमा राख्ने र महेश खोला, आगरा खोला आसपासको क्षेत्रलाई उच्च व्यवसायीक कृषि क्षेत्रमा वर्गिकृत हुने गरी भूमि करको दर निर्धारण गरिनेछ ।

८. स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा टेवा पुऱ्याउने कर नीति अवलम्बन गरिने ।

९. उद्योग वाणिज्य संघ लगायत सरोकारवाला संस्थाको सहकार्यमा व्यापार प्रवर्द्धन गर्ने नीति लिइनेछ । साथै गाउँपालिकाको पहिचान र विकाससँग सम्बन्धित मेला, महोत्सव सञ्चालन गरिने छ ।

१०. राजमार्ग केन्द्रित होटल, रेष्टुरेन्ट, भोजनालयको खाद्य स्वच्छता कायम गरी व्यवसायलाई मर्यादित एवं यात्रुमैत्री बनाइने नीति अवलम्बन गरिने छ ।

११. स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सृजनामा टेवा पुग्ने गरी कर नीति अवलम्बन गरिनेछ ।

१२. गाउँपालिका क्षेत्र भित्र रहेका क्रसर उद्योग, ढुङ्गागिटी वालुवा, इट्टाभट्टा, ग्यास उद्योग लगायत ठुला उद्योगलाई दिगो, वातावरण मैत्री, वैज्ञानिक र व्यवस्थित वनाइनेछ ।

१३. स्वास्थ्य, शिक्षा, कृषि विकासको क्षेत्र, विपद् र विपन्न नागरिकहरुलाई गाउँपालिकाबाट गरिने सिफारिसमा शुल्क नलाग्ने व्यवस्था मिलाइने छ ।

१४. राजस्व प्रशासनलाई अफ्न चुस्त र पारदर्शी बनाउन गाउँपालिका र सबै वडा कार्यालयहरुमा राजस्व प्रशासनका लागि सफ्टवेयर जडान गरी कम्प्युटर बिलिङको सुरुवात गरिनेछ । राजस्व प्रशासनमा काम गर्ने कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

१५. व्यवसायको पहिचान, दर्ता, अभिलेखीकरण र वर्गीकरण गरि व्यवसायलाई व्यवस्थित गर्न सफ्टवेयर प्रणलीमा आवद्ध गर्ने साथै वगीृकरण र कारोवारको आधारमा व्यवसाय करको दर निर्धारण गरी राजश्व संकलन गरिनेछ ।

१६. गाउँपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा सुविधाहरू आदिको अभिलेख तयार गरी अद्यावधिक गरिने छ ।

१७. गाउँपालिकाको राजस्व प्रशासनलाई थप प्रभावकारी बनाउन, राजस्व परामर्श समितिको सक्रियतामा समितिले नियमित राजस्व असुलीको अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

१८. चालु खर्चलाई निश्चित सिमामा राखी पूँजीगत खर्चमा अभिवृद्धि गरिनेछ ।

१९. आम्दानी र खर्चलाई वर्गीकरण तथा लेखाकंन गरी आन्तरीक नियन्त्रण प्रणाली र लेखा परिक्षण प्रणलीलाई सफ्टवेयर प्रणालीमा आवद्ध गरिनेछ ।

२०. विभिन्न धार्मिक स्थल र पार्क तथा पर्यटकको गन्तव्य स्थल निर्माण गरी पर्यटन शुल्क मार्फत गाउँपालिकाको राजश्वको दायरा बढाइने छ ।

२१. एकीकृत सम्पत्ती कर लागू गर्न आवश्यक प्रबन्ध मिलाइनेछ साथै कर प्रशासनको समयानुकुल सुधार गरिनेछ ।

## १. आर्थिक विकास तर्फ

### (क) कृषी तथा पशु विकास सम्बन्धी नीति :

१. कृषि तथा पशुपालन क्षेत्रको विकासका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारीको व्यवस्था गरी सेवा केन्द्र मार्फत सबै किसानको पहुंच हुने गरी कृषि तथा पशुपालन सम्बन्धी प्राविधिक सेवा विस्तार गरिनेछ ।

२. कृषि सम्बन्धी सूचनाहरू स्थानिय पत्रपत्रिका, रेडियो तथा सामाजिक सञ्जाल मार्फत सम्प्रेषण गरि कृषि तथा पशुपालन सम्बन्धी जानकारी सबै कृषकको पहुँचमा पुऱ्याइनेछ ।

३. कृषि उत्पादन वृद्धि गरी कृषिमा आत्मनिर्भर बन्दै कृषि उत्पादनको निर्यात गर्ने वातावरण तयार गर्न कृषि भूमिको उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

४. गाउँपालिका क्षेत्र भित्रका कृषक, कृषक समूह र सहकारी र महिला आत्म निर्भर समुह मार्फत उन्नत जातका बिउ विजनमा अनुदान उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

५. कृषक दर्ता तथा सूचिकरण गरि राष्ट्रिय किसान परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाईने छ ।

६. कृषिमा यान्त्रिकरण, आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै यसलाई मर्यादित पेशाको रुपमा विकास गरिनेछ । यसका लागि वडागत रुपमा संचालन भई रहेको पकेट/ब्लक कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७. हावापानी र माटो सुहाउदो कृषि बाली  छनौट गरी उपयुक्त बाली लगाउन माटोको गुणस्तर परिक्षणका लागि प्रयोगशालाको स्थापना गरिनेछ ।

८. वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई व्यवसायिक कृषि क्षेत्रमा आकर्षित गर्न प्रोत्साहन गर्ने निति लिईने छ । सामुहिक र चक्लाबन्दी खेतीलाई प्रोत्साहन गर्न व्यवसायिक खेती गर्ने कृषकलाई जमिन भाडामा २० प्रतिशत अनुदान दिइनेछ ।

९. व्यवसायिक मौरीपालन, फलफुल र च्याउ खेती गर्नको निम्ती अनुदान प्रदान गर्दै कृषकहरूलाई यस तर्फ प्रोत्साहन गरिनेछ ।

१०. कृषक, व्यवसायी, उद्यमी र प्राविधिकहरूको क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

११. सिंचाई नपुगेको कृषि योग्य जमिनमा सिंचाईको सुविधा पुऱ्याइने छ ।

१२. गाई, भैसी, बङ्गुर र बाखाको कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाई तथा कृत्रिम गर्भाधान सेवा पुग्न नसक्ने स्थानमा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नस्लका पशुहरूको सङ्ख्यामा बृद्धि गरिनेछ ।

१३. पशुपन्छीको नश्ल सुधार, पौष्टिक दाना आहाराको व्यवस्था, पशुपन्छीको स्वास्थ्य सेवा एंव्म उत्पादित पशुजन्य पदार्थको बजारीकरणको चारै पक्षलाई समानान्तर रुपमा अगाडि बढाई एकीकृत रुपमा सेवा प्रदान गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. पशुको लागि गुणस्तरीय आहाराको व्यवस्थापन गर्नका लागि चरन विकास कार्यक्रम सञ्चालन गर्नुका साथै डाँले घाँस, भुँई घाँसको खेतीमा प्रोत्साहन गरिनेछ । कृषकको आयस्तर बृद्धि गर्न घाँसको बिउ विजन उत्पादन र बिक्री कार्यमा सहजीकरण गरिनेछ । किसानलाई घाँसका बिउ निशुल्क उपलब्ध गराइनेछ ।

१५. पशुपन्छीको उपचार र रोगहरूको रोकथामका लागि निःशुल्क औषधि वितरण र भ्याक्सिनेशन कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईने छ । पशुपन्छीको रोग निदानका लागि प्रयोगशाला स्थापना गरि सञ्चालन गरिनेछ ।

१६. पशुपंन्छीबाट मानवमा सर्न सक्ने रोगहरूका सम्बन्धमा जनचेतना अभिबृद्धि र जनस्वास्थ्य संरक्षणमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. पशु स्वास्थ्य सेवाको संस्थागत विकास र सढृढीकरणको लागि पशु सेवा केन्द्रको स्थापना र सञ्चालन गरिनेछ ।

१८. बाखाको श्रोत केन्द्र स्थापना तथा व्यवसायिक फर्म सढृढीकरणका लागि सहयोग गरिनेछ ।

१९. व्यवसायिक गाई/भैसी फर्महरूले पशु बिमा गरे वापत लाग्ने लागत रकम प्रोत्साहन स्वरुप फिर्ता गरिने व्यवस्था मिलाईनेछ ।

२०. कृषिमा महिला सहभागिता र महिला किसान सशक्तिकरणलाई केन्द्रित गर्दै साना तथा व्यावसायिक महिलामुखी कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. ग्रामिण महिला लक्षित घरायसी स्तर पोषण सुरक्षा तथा आय आर्जनका लागि ग्रामिण कुखुरा प्रर्वर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

२२. दुध उत्पादन सहकारी, दुग्ध संकलन केन्द्र, कृषकहरूलाई मिल्क एनालाइजर, अल्मुनियम र स्टिल क्यान तथा मिल्किङ मेसिनको खरिदमा अनुदान दिईने व्यवस्था मिलाईनेछ ।

२३. पशु तथा कृषि प्रवर्द्धनका लागि **"एक गाउँ एक उत्पादन कार्यक्रम"** साझेदारी नीति अवलम्वन गरिने छ । पशुपंक्षी बिमा कार्यक्रम लाई अभियानको रुपमा सन्चालन गरिने छ ।

२४. कृषकलाई कृषि तथा भेटनरी सम्बन्धी ज्ञान सिप अभिवृद्धि गर्नका लागि रेडियो, एफ.एम.बाट कृर्षि कार्यक्रम, सामाजिक संजाल मार्फत सुचना तथा सन्देश र कृषि तथा भेटनरी सम्बन्धी तालिम संचालन गरिने छ ।

२५. यसै आर्थिक बर्षबाट गाउँपालिकामा भेटनरी प्रयोगशाला संचालनमा ल्याइनेछ ।

२६. गाउँपालिका क्षेत्रमा एक वडा एक कृत्रिम गर्भाधान स्थलको निर्माण गरी निशुल्क कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ । यस कार्यक्रमलाई प्रभावकारी बनाउन फिल्डमा खटिने प्राविधिक कर्मचारीलाई विशेष भत्ता उपलब्ध गराई प्रोत्साहन गरिनेछ ।

२७. कृषकको घरमा कृषि प्राविधिक पुगि सबै कृषकको घरमा कृषि तथा भेटनरी सेवा उपलब्ध गराउन किसान घरदैलो सेवा कार्यक्रम संचालन गरिनेछ ।

२८. पचास प्रतिशत अनुदानमा किसानहरुलाई बीउबीजन, कृषि उपकरण, विषाधी लगायतका कृषि सामग्रीहरु वितरण गरिनेछ ।

२९. कृषि तथा पशुपालन सेवा लाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार कृषि तथा भेटनरी प्राविधिक करार सेवामा लिई सेवा केन्द्र मार्फत कृषि तथा पशुसम्बन्धी सेवा प्रवाह गरिने छ ।

३०. शित भण्डारण तथा कृर्षि उपज संकलन केन्द्र निर्माणमा लागि स्थान छनौट गरी निर्माण कार्यलाई अगाडी बढाइने छ ।

३१. सबै थाक्रेवासीलाई  निशुल्क करेसावारी तरकारीको बीउ मिनीकिट वितरण कार्यक्रम संचालन गरिनेछ । साथै कोसेली घर निर्माणको कार्य प्रारम्भ गरिनेछ ।

३२. व्यवसाय गर्न चाहने उद्यमी कृषकलाई सहज र सरल ढंगले पूँजी प्राप्त गरी लगानी गर्न रु तीन लाख सम्मको व्यवसायीक ऋण शुन्य प्रतिशत व्याजदारमा उपलब्ध गराउन व्यवस्था मिलाइनेछ ।

३३. कृषकको व्यक्तिगत विवरण, व्यवसायीक विवरण, प्राप्त गरेको सहुलियत तथा सुविधा समेतलाई जनकारी हुने गरी कृषक डायरी तथा कृषक परिचयपत्र कार्यक्रम संचालन गरिनेछ ।

३४. मकै छोडाउने मेसिन, धान चुट्ने मेसिन, गहुँ चुटेने मेसिन, हाते ट्याक्टर, कुटानी पिसानी मेसिन खरीद गर्न कृषकहरुलाई विशेष अनुदान उपलब्ध गराइनेछ ।

३५. उखुखेती उत्पादन र प्रर्वद्धनका लागि निशुल्क प्राविधिक सहयोग कार्यक्रम संचालन गरिनेछ ।

३६. स्वच्छ, स्वस्थ्य र पौष्टिक कृषि उत्पादनलाई प्रवर्द्धन गर्न र रासायनिक मल तथा विषधीको प्रयोगबाट पर्ने प्रभावलाई न्युनीकरण गर्न अर्गानिक खेती प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

**(ख) पर्यटन, संस्कृति प्रवर्द्धन सम्बन्धी नीतिः**

१. पर्यटनलाई आर्थिक विकासको श्रोतको रुपमा विकास गर्न पर्यटकीय स्थल निर्माण र पर्यटन पदमार्गको निर्माण गरि पालिकालाई पर्यटकीय गन्तव्यका् रुपमा विकास गर्ने नीति लिइनेछ ।

२. सास्कृतिक विविधता र भौगोलिक सुन्दरताले आन्तरिक तथा वाह्य पर्यटकको गन्तव्य स्थलको सम्भावना भएका दामेचौर, पोखरीचौर लगायतका स्थानमा पर्यटकीय पुर्वाधार निर्माण गर्ने र उक्त स्थानमा होम स्टे संचालनका लागि प्रोत्साहन गरिनेछ । साथै भूमिचुली, पोखरी चौर, रानी झरना, थाम भञ्ज्याङ, गणेश चौर, सेरापाखा लगायतका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३. गाउँपालिका क्षेत्रभित्र रहेको ऐतिहासिक धार्मिक तथा सास्कृतिक सम्पदालाई संरक्षण गर्दै पर्यटकिय क्षेत्रको रुपमा विकास गरिनेछ ।

४. गाउँपालिकामा भित्र रहेको भाषा, धर्म, संस्कृतिलई जिवन्तकालसम्म जगेर्ना गर्नका लागि विभिन्न संस्कृति झल्कने सांस्कृतिक संग्रहालय निर्माणका लागि विभिन्न सरोकारवालासँगको साझेदारीमा निर्माणको कार्य थालनी गरिनेछ ।

५. निजीक्षेत्रसँगको साझेदारीमा पर्यटन महोत्सव, प्रचारप्रसार सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

६. पर्यटकीय गन्त्वयको प्रचार प्रसार गर्नका लागि गाउँपालिकाको पर्यटकीय वृतचित्र निर्माण गरी टेलिभिजन लगायतका संचार माध्यमबाट प्रसारण गर्ने व्यवस्था मिलाइनेछ ।

७. वार्ड न. ३ को भुमिचुलिमा ध्यानगरिरहेको शिवको मुर्ति निर्माण र ३ न. मानै बुद्धको मुर्ति एवं गुम्बा निर्माणको कार्य शुभारम्भ गरिनेछ ।

८. आगामी आ.व. भित्र वार्ड न.९ को सेरापाखामा सरस्वतीको मूर्ति निर्माण र भाषा संग्राहलय निर्माण कार्य सम्पन्न गरिनेछ साथै उक्त स्थानमा पार्क निर्माणको कार्य प्रारम्भ गरिनेछ ।

९. गाउँपालिका स्तरिय पर्यटन प्रवर्द्धन समित गठन गरिनेछ ।

**(ग) उद्योग, वाणिज्य तथा सहकारी सम्बन्धी नीतिः**

१. गाउँपालिकाबाट संचालन गरिने स्वरोजगारमूलक तथा सिपमूलक, क्षमता अभिवृद्धि लगायतका कार्यक्रमहरु लागत सहभागिताको आधारमा सम्बन्धीत सरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुसँग समन्वय तथा सहकार्यमा गरी संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२. लघु उद्यमको विकासको माध्यमबाट गरिवी निवारण गर्न CTEVT, युवा परिषद तथा निजि क्षेत्र समेतको सहभागितामा लघु उद्यम कार्यक्रम संचालनमा जोड दिइनेछ ।

३. दलित समुदायको परम्परागत सीप कला र पेशालाई संरक्षण, संम्वर्द्धन र आधुनिकीकरण गरी व्यवसायीक बनाउन र रोजगारीको अवसर विस्तार गर्न उत्थान तथा विकास कार्यक्रम संचालन गरिनेछ साथै सीप विकास र बजार प्रवर्द्धनमा अनुदान दिइनेछ ।

४. ग्रामिण गरिवी न्युनीकरणका लागि विभिन्न स्वरोजगारमूलक र आयआर्जनका कार्यक्रम प्राथमिकताका साथ संचालन गरिनेछ ।

५. वाणिन्य क्षेत्रलाई व्यवस्थित, मर्यादित र अनुशासित बनाई उपभोक्ताको हित अभिवृद्धिका लागि बजार अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६. यस आर्थिक बर्षमा औद्योगिक ग्राम स्थापनाको सम्भाव्यताको अध्ययन थालनी गरीनेछ ।

७. सार्वजनिक, निजी साझेदारीको अवधारणाको आधारमा उद्योग स्थापनाको लागि लगानी आकर्षण गरिननेछ ।

८. कोभिड १९ ले थिलथिलो भएको वाणिज्य क्षेत्रको प्रवर्द्धन र विकासका लागि व्यवसायीलाई सहुलियत व्याजदर र शुन्य व्याजदरमा ऋण उपलब्ध गराउन आवश्यक सहयोग र समन्वय गरिनेछ ।

९. सहकारीलाई बचत संकलन, पूँजी निर्माण, रोजगारी सृजना, उत्पादन र उत्पादकत्व वृद्धिसँग आवद्ध गरी सहकारीलाई आर्थिक विकासको महत्वपुर्ण क्षेत्रत्रमा क्रियाशिल सहकारी मध्ये कम्तीमा एकवटा सहकारी संस्थालाई नमुना सहकारी संस्था बनाउन सहयोग गरिनेछ ।

१०. सहकारी संस्थाको दर्ता, अभिलेखिकरण, नियमन लगायतका कार्यहरुलाई सहज र व्यवस्थित गरिनेछ साथै सहकारि संस्थाको क्षमता विकासका लागि सहकारी शिक्षा, नेतृत्व विकास एवं व्यवस्थापन तालिम संचालन गरिनेछ ।

११. स्थानीय उत्पादनको वृद्धि, निकास, भण्डारण र व्यवस्थापनका लागि आवश्यक पुर्वाधार निर्माण गरिनेछ ।

१२. **"समृद्ध थाक्रे सुखी थाक्रेवासी"** भन्ने थाक्रे गाउँपालिकाको नारालाई मूर्तता दिनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत गाउँपालिकामा रहेको बेरोजगारी समस्यालाई समाधान गरिदै लगिने छ ।

१३. विकासमा सबै क्षेत्रलाई सहभागि गराई विकासको कार्यलाई तिव्रता दिन सहकारी, निजी र सरकारी तिनै निकाय मार्फत विकासको अभियान संचालन गरिनेछ ।

१४. गाउँपालिका क्षेत्रभित्र संचालन भएका गैरसरकारी संघसंस्था, सहकारी संस्थाहरुको तथ्याङकहरु अध्यावधिक गर्दै लगिनेछ ।

१५. वर्तमान अवस्थामा विदेशबाट फर्केका समग्र यूवाहरुको सीप, क्षमता र अनुभवलाई एकीकृत गरी गाउँपालिकामै रोजगार बनाउने नीति तथा कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

१६. युवा स्वरोजगार कार्यक्रम मार्फत युवा जनसक्तिलाई परिचालित गरिनेछ । स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।

१७. केन्द्र सरकारको नीति तथा कार्यक्रम अनुरुप प्रमाणपत्र धितो राखी ऋण लिएर व्यवसाय संचालन गर्ने कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुऱ्याइनेछ ।

## २. सामाजिक विकास तर्फ

### (क) कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचार र स्वास्थ्य सम्बन्धि नीतिहरु

१. कोभिड महामारीको रोकथाम, नियन्त्रण र उपचारको भरपर्दो व्यवस्था गरी सबै थाक्रेवासीहरुको जीवन रक्षा गर्न गाउँपालिका प्रतिवद्ध छ । कोभिड महामारीको रोकथाम तथा नियन्त्रणका लागि गाउँपालिकाले संङघ तथा प्रदेश सरकारसँग समन्वय गरी कार्यक्रमहरु संचालन गरिने छ ।

२. कोभिड १९ को महामारीबाट उत्पन्न स्वास्थ्य जोखिम न्यूनीकरण गर्न प्रत्येक वार्डमा आइसोलेसन तथा क्वारेन्टाइन स्थापना गर्ने । कोभिडबाट संक्रमित बिरामीको उपचारमा अक्सिजनको कमि हुन नदिन क्वारेन्टाइन सेन्टरमा अक्सिजन सिलिण्डरको व्यवस्थापन गरिनेछ । साथै कोभिड प्रभावितलाई घरमा निशुल्क अक्सिजन ग्याँस पुऱ्याउने व्यवस्था मिलाइनेछ ।

३. कोभिड १९ संङक्रमण जोखिम नियन्त्रण गर्न वडा तथा पालिकामा हेल्थ डेस्क संचालन गरिनेछ । कोभिड १९ बाट सङ्क्रमित तथा प्रभावित व्यक्ति तथा उनीहरुका परिवार प्रति हुन सक्ने भेदभाव विरुद्ध गाउँपालिका भरि जनचेतना मुलक कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ ।

४. कोभिड १९ बाट संक्रमित भई घरमा रहेका बिरामीको स्वास्थ्य अवस्थाको निरन्तर निगरानी, परामर्श तथा उपचारको लागि घुम्ती सेवा, मनोसामाजिक परामर्श, आपतकालिन उपचार र अक्सिजन सहयोग लगायताका सेवा निःशुल्क उपलब्ध गर्ने व्यवस्था मिलाइने छ । गाउँपालिकामा रहेको सबै स्वास्थ्य चौकीहरु २४ घण्टै संचालन हुनेछ ।

५. संङक्रमण जोखिम रहदा सम्म अशक्त, असहाय एवम् आर्थिक रुपले विपन्न घरपरिवार, गर्भवती महिला, जेष्ठ नागरिक तथा अपाङ्ता भएका व्यक्तिहरुका लागि राहतका कार्यक्रमहरु संचालन गरिनेछ ।

६. गाउँपालिका तथा वडामा कार्यरत सम्पुर्ण कर्मचारीहरु, स्वास्थ्य कर्मचारीहरु, एम्बुलेन्स चालकहरुलाई कोभिड को जोखिम कम गर्न आवश्यक स्वास्थ्य सामाग्रीहरु उपलब्ध गराइने छ । कोभिड १९ का कारण उत्पन्न प्रतिकूल अवस्थामा सेवा संचालन कार्यविधि, २०७७ लाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

७. कोभिड १९ संङक्रमण जोखिम नियन्त्रण गर्न गाउँपालिकाले सङघ र प्रदेश सरकारसँग समन्वय गरी मापदण्ड अनुसारको सबै थाक्रे वासीहरुलाई खोप उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।

८. कोभिड १९ को सम्भावित जोखिममा परेका नागरिक तथा कर्मचारहिरुका लागि गाउँपालिकाबाट निःशुल्क पि.सि.आर. परिक्षणको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

९. स्थानीय सरकारले गुणस्तरिय स्वास्थ्य, शिक्षा, स्वच्छ खानेपानी तथा सरसफाई सेवामा सबै गाउँपालिका बासिको समतामुलक पहुच हुनेगरी कार्यक्रम संचालन गर्ने छ । पालिका भित्रका स्वास्थ क्लिनिकहरुलाई व्यवस्थित गर्न पहल गरिनेछ ।

१०. स्वास्थ्यमा सबैको पहुँच पुऱ्याउनका लागि स्वास्थ्य ईकाइहरुको निर्माण, स्तरोन्नती, पुर्वाधार विकास जनशक्तीको व्यवस्था र सेवाको गुणस्तरमा वृद्धी गरिनेछ ।

११. यस बर्ष भित्रमा सबै नागरिकमा पुग्नेगरी स्वास्थ बिमा कार्यक्रम, घुम्ती शिविर संचालन, स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम संचालन गरिनेछ ।

१२. नागरिकहरुको स्वास्थ्यलाई विशेष ध्यानमा राखी प्राकृतिक चिकित्सा र योग अभ्यासलाई प्रार्थमिकता दिइनेछ, साथै मनोसामाजिक परामर्श सम्बन्धी कार्यक्रमलाई अझै प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१३. यस गाउँपालिका भित्र १५ शैयाको अस्पताल निर्माणकार्य यसै बर्षबाट शुरु गरिनेछ । गाउँपालिका भित्र स्वास्थ संस्थाहरुमा आवश्यक औषधीको अभाव हुन नदिने गरी बजेट व्यवस्थापन गरिनेछ ।

१४. विभिन्न रोग तथा महामारीको प्रभावबाट मानसिक रुपमा विक्षिप्त व्यक्ति, परिवार तथा समुदायलाई लक्षित गरि **"एक वडा एक मनोविमर्शकर्ता"** मार्फत मनोपरामर्श सेवा उपलब्ध गर्ने कार्य लाई थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१५.स्वास्थ्यमा सर्वव्यापी पहुँच (Universal health coverage) को अवधारण अनुरुप प्रवर्धनात्मक,प्रतिकारात्मक,उपचारात्मक तथा पुनर्स्थापनात्मक सेवालाई एकीकृत रुपमा विकस र विस्तार गरिनेछ ।

१६.गर्भवती महिला, जेष्ठ नागरिकलाई स्वास्थ्य चौकी सम्म सहज पहुँचका लागि निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिने छ । साथै आम नागरिकको लागि सहुलियत रुपमा एम्बुलेन्स सेवा प्रदान गरिने छ ।

१७.मानसिक स्वास्थ्य,आँखा,मुख नाककान,घाटी स्वास्थ्य सेवा लगायतका उपचार सेवालाई विकास र विस्तार गरिनेछ । साथै आवश्यकता पहिचान गरी विशेष तथा एकीकृत स्वास्थ्य शिविर संचालन गरिनेछ ।

१८. पोषणको अवस्थालाई सुधार गर्न, मिसावटयुक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवंम स्वास्थ्यवर्धक खाद्यपदार्थको प्रवर्द्धन,उत्पादन,प्रयोग र पहुँचलाई विस्तार गरिनेछ ।

१९. सक्षम एवंम जवाफदेही समन्वय,अनुगमन तथा नियमन संयन्त्र एवं प्रक्रियाद्वारा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गरिने छ ।

२०. स्वास्थ्य क्षेत्रको व्यवस्थित तथा गुणस्तरीय विकासका लागि सार्वजनिक तथा निजि क्षेत्रको सहकार्यलाई प्रवर्द्धन गर्ने

२१. किशोरकिशारी लक्षित विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम,महिनावारी चक्र तथा सरसफाइ, प्रजनन् स्वास्थ्य बारे कार्यक्रम संचालन गरिनेछ ।

२२. महिला स्वास्थ्य स्वयं सेविकाहरुले पाउने प्रोत्साहन भताको रकम वृद्धि गरिनेछ ।

२३. दुर्गम तथा ग्रामीण क्षेत्रमा अल्ट्रासाउण्डको सहायताले गर्भवती महिलाहरुको समयमै जटिलता पता लगाई मातृ तथा नवजात शिशुको मृत्युदर घटाउनको लागि ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२४. मातृ तथा नवजात शिशुको मृत्युदर घटाउनको लागि घरमा शुन्य प्रसुती घोषणा अभियान कार्यक्रम निरन्तरता दिइनेछ ।

२५. महिलाको पाठेघर(आङ्ग) खस्ने समस्या सम्बन्धि लक्षित समूहमा जनचेतनामुखी अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

२६. स्वास्थ्य चौकीमा प्रोटोकल अनुसार ४ पटक गर्भजाँच तथा प्रसुती गराए वापत रु १०००।- बराबरको सुत्केरी प्याकेट वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२७. सुनौलो हजार दिनका आमा,आमा समूहका अध्यक्ष,व्यवस्थापन समिति, म.स्वा.स्वयं.सेविका तथा जनप्रतिनिधिहरुलाई सुरक्षित मातृत्व सम्बन्धि अर्न्तक्रिया कार्यक्रम संचालन गरिनेछ ।

२८. स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तालिम सबै स्वास्थ्य संस्थाहरुमा संचालन गरिनेछ ।

२९. स्वास्थ्य संस्थाहरुमा निस्कने फोहोरमैला व्यवस्थापन गर्न खाडल निर्माणको लागि बजेटको व्यवस्था गरिनेछ ।

३०. खोप क्लिनिक तथा गाउँघर क्लिनिक संचालनको लागि भवन बनाउन बजेटको व्यवस्था गरिनेछ ।

३१. स्वास्थ्य चौकीहरुमा प्रसुती प्रतिक्षालय स्थापना तथा संचालन कार्यलाई निरन्तरता दिईनेछ ।

३२. गुणस्तरिय स्वास्थ सेवालाई सबै स्वास्थ्य संस्थाबाट प्रवाह गर्नका लागि सबै स्वस्थ्य संस्थामा गुणस्तरीय ल्याब व्यवस्थापनका लगि आवश्यक पुर्वाधारको थालनी गरिनेछ ।

३२. स्वास्थ्य संस्थामा प्रसुती भए वापतको सुत्केरीलाई दिने पोषणयुक्त खाना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३३. मातृ तथा नवजात शिशुको मृत्युदर घटाउन र घरमा शुन्य प्रसुती घोषणा अभियान कार्यक्रमलाई झन टेवा पुग्नको लागि आकस्मिक स्वास्थ्य उपचार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३४. क्षयरोगका जोखिमयुक्त जनसंख्यामा(दुर्गम बस्ती, पिछडिएको वर्ग बसोबास स्थल, कार्यक्रम स्वास्थ्य संस्थाबाट टाढा रहेका बस्ती तथा स्वास्थ्य सेवामा पहुच कम भएका, कारागार, गुम्बा, स्कूल, बृद्धाश्रम, औद्यौगिक क्षेत्र)मा सक्रिय क्षयरोग खोजपड्ताल कार्यक्रम संचालन गरिनेछ ।

३५. स्तनपान कक्ष स्थापना सबै स्वास्थ्य चौकीमा गरिनेछ ।

३६. मानसिक रोगीहरुका लागि ३-३ महिनामा स्वास्थ्य शिविर संचालन गरी चेकजाँच गराउनुका साथै मानसिक रोगीहरुलाई निःशुल्क औषधी वितरण गरिने र खरिद गरिएका औषधीको बिल अनुसारको रकम भुक्तानी गरिनेछ ।

३७. विभिन्न खोप लगाए वापत खोपकार्यकर्ताहरु र गाउँघर क्लिनिक संचालन गर्ने लाई यातायात खर्च उपलब्ध गराइनेछ ।

३८. महिला स्वास्थ्य स्वयं.सेबिकाका लागि खरिद गरिएका किटबक्सका लागि औषधी लगायत स्वास्थ्य सामाग्री खरिद गरिनेछ ।

३९. आधारभुत तालिम नलिएका तथा नयाँ भर्ना भएका महिला स्वास्थ्य स्वयं.सेविकालाई आधारभुत तालिमको व्यवस्था गरिनेछ ।

४०. गम्भिर र जटिल प्रकृतिका प्रसुति हुने गर्भवती महिलालाई हस्पिटल सम्म पुर्याउनका लागि आकस्मिक प्रेषण कोषको व्यवस्थापन कार्यलाई निरन्तरता दिई समयमै ज्यान जोगाउनका लागि पहल गरिनेछ ।

४१. रात्रीकालीन सुत्केरी गराउने अ.न.मी लाई प्रोत्साहन स्वरुप गाउँपालिकाबाट खाजाको व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

४२. गाउँपालिकाको भुमेस्थान स्वास्थ्य चौकीमा थप ल्याब सेवाको विस्तार गरिनेछ । स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य सेवाकेन्द्रलाई व्यवस्थापन खर्च उपलब्ध गराइनेछ

४३. गर्भवती महिलालाई निःशुल्क क्यालसियम र फोलिक एसिड वितरण गरिनेछ ।

४४. महिला स्वास्थ्य स्वयं.सेविकालाई संचार खर्च वार्षिक रकम रु २४००।-का दरले प्रतिव्यक्ति र बर्थिङ सेन्टरलाई मासिक रकम रु ४००।- का दरले उपलब्ध गराइनेछ ।

४५. स्वास्थ्य सम्बन्धि भएका विभिन्न दिवसहरु समयमा नै मनाइनेछ र त्यसका लागि बजेट विनियोजन गरिनेछ ।

४६. उत्तर प्रसुती सेवा (PNC Home Visit) कार्यक्रम संचालनलाई निरन्तरता गरिनेछ ।

४७. पोषण कर्नर हरेक स्वास्थय चौकीमा स्थापना गरिनेछ ।

४८. कोभिड १९ दोस्रोको लहरसंगै RRT Team गठन गरि गाउँपालिकाका बासिन्दाको घरमा गई PCR Swab लिई कोरोनाको चेकजाँच गराउने कार्य लाई निरन्तरता दिइनेछ ।

४९. अक्सिजन लेबल कम भएका बिरामीको हकमा अक्सिजन सिलिन्डर घरमै गाउँपालिकाको गाडीबाट निःशुल्क पुर्याइनेछ ।

५०. कोभिडको बिरामीलाई आइसोलेसनमा सुधार नदेखिएमा तुरुन्तै गाउँपालिकाको एम्बुलेन्सबाट काठमाडौंको अस्पतालहरु संग समन्वय गरी पठाउने व्यवस्था मिलाइनेछ । कोभिड पोजेटिभ देखिएका

बिरामीलाई एम्बुलेन्सले बोकेर हस्पिटलसम्म पुर्याउदा एम्बुलेन्स चालकलाई प्रोत्साहन स्वरुप रु ५००।- प्रति व्यक्तिका दरले गाउँपालिकाबाट उपलब्ध गराइनेछ ।

५१. विपद व्यवस्थापन कोष र कोभिड नियन्त्रण कोषमा पर्याप्त मात्रामा रकम विनियोजन गरिनेछ ।

५२. रेडक्रस तथा अन्य संस्थासँगको समन्वय र सहकार्यमा थाक्रे गा.पा. भित्रका जनताको लागि निशुल्क रगत व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाइनेछ । साथै निशुल्क अक्सिजन वितरणको व्यवस्था मिलाइनेछ ।

**(ख) शिक्षा सम्वन्धी नीतिहरुः**

१. कोरोना भाइरसको महामारी (कोभिड १९) महामारीवाट शिक्षा क्षेत्र नराम्ररी प्रभावित भएको अवस्था छ । हाल लकडाउनको कारणले विद्यालय बन्द रहेको अवस्थामा पनि नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम वैकल्पिक विधिहरु प्रयोग गरी पठनपाठन गर्ने व्यवस्था मिलाइने छ ।

२. विद्यालय शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन नियमित रुपमा अनुगमन, निरीक्षण तथा सुपरीवेक्षणको व्यवस्था मिलाईनेछ । अनुगमन तथा सुपरीवेक्षण अवस्था अनुसार स्थलगत तथा विधुतीय माध्यामवाट गर्ने व्यवस्था मिलाइनेछ ।

३. आर्थिक, सामाजिक तथा सास्कृतिक कारणले पछि परेका व्यक्तिहरुलाई शिक्षाको मूल प्रवाहमा ल्याउन सकारात्मक विभेदको नीति लिई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

४. गाउँपालिका क्षेत्र भित्र एवम् विद्यालयहाता भित्र छुवाछुत, बालश्रम र लैङ्गिक हिसा एवं दुरव्यवहार विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ । यस्ता घटनाको रोकथाम र नियन्त्रणको लागि विद्यालयहरुमा गाउँपालिकाका मनोसामाजिक मनोविर्मशकर्ता हरुबाट परामर्श सेवाको व्यवस्था गरिनेछ ।

५. सवै विद्यालयहरुमा तोकिएको मापदण्डको आधारमा बालविकास केन्द्र सञ्चालन गरि प्रारम्भिक बाल कक्षा उमेर समुहका बालवालिकाहरुलाई विद्यालयमा भर्ना गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

६. विद्यालय बाहिर रहेका सवै बाल बालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ ।

७. आधारभूत तह कक्षा १–३ मा मातृभाषामा पठन पाठनको लागि प्रोत्साहन गर्ने नीति लिइनेछ । साथै आधारभुत तहमा अंग्रजी माध्यमबाट पठन पाठन गर्न चाहने विद्यालयलका प्राथमिक तहका शिक्षकहरुलाई आवश्यक तालिमको प्रवन्ध मिलाइनेछ ।

८. शैक्षिक सत्र २०७८ लाई SIP निमार्ण वर्षको रुपमा विकास गरी सोहि SIP को आधारमा विद्यालयलाई सहयोग गर्ने नीति लिइनेछ ।

९. सवै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्थापन गदै सक्षमता अभिवृदी गर्नुका साथै शिक्षकको कार्यसम्पादनलाई  विद्यार्थीको सिकाई उपलब्धीसगँ आवद्धता गरिनेछ ।

१०. सवै सामुदायिक विद्यालयमा कम्प्यूटर र प्रिन्टरको व्यवस्थापन गरिएकाले अव उपरान्त विद्यालयहरुले पत्राचार लगायतका कार्य गर्दा इमेल मार्फत पठाइने व्यवस्था गरिनेछ जसका कारण शिक्षकको शिक्षण सिकाइमा विताउने समयमा सुधार भई शैक्षिक गुणस्तरमा टेवा पुग्ने अपेक्षा गरिएको छ । यसका लागि प्रत्येक विद्यालयबाट कम्तिमा १ जना शिक्षकलाई ICT सम्बन्धी तालिमको व्यवस्था गरिने छ ।

११. करार शिक्षक तथा कर्मचारीको नियुक्तिलाई व्यवस्थित, मर्यादित र प्रतिस्प्रर्धात्मक रुपमा सञ्चालन गरिनेछ । माध्यमिक विद्यालयहरुमा शिक्षक नियुक्ति गर्दा विषयगत रुपमा अंग्रजी ,गणित र विज्ञान विषयलाई प्राथमिकतामा राखि नियुक्ति गरिनेछ ।

१२. विद्यालयतहका सम्पूर्ण परीक्षाहरु व्यवस्थित र मर्यादित रुपले सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१३.विद्यालय सरसफाई प्रतियोगितालाई निरन्तरता दिईनेछ ।

१४. गाउँपालिकाबाट व्यवस्थापन गरिएका शिक्षक तथा कर्मचारीको सुविधामा समय सापेक्ष सुधार गर्ने नीति अवलम्वन गरिनेछ ।

१५. विद्यार्थी संख्या र विद्यालय सञ्चालन तहको आधारमा प्रत्येक २ वर्षमा दरवन्दी मिलान , व्यवस्थापन तथा पुर्नवितरण गरिने नीति लिइनेछ ।

१६. उत्कृष्ट सिकाई उपलव्धी हासिल गर्ने शिक्षकलाई पुरस्कार तथा सम्मान गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१७. विद्यालय र समुदाय बीच सहयोग, सहकार्य र साझेदारी निमार्ण गदै विद्यालय विकासका लागि **"हाम्रो विद्यालय राम्रो विद्यालय"** को रुपमा विकास गर्न सम्वन्धित निकायहरुलाइ जवाफदेही बनाइनेछ ।

१८. यसै आ.व भित्र स्थानीय पाठ्यक्रम निमार्ण गरी पठन पाठनको कार्य सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१९. स्थानीय विशेषता, आवश्यकता र सम्भावनाको आधारमा प्राविधिक शिक्षा सञ्चालन गर्न चाहने विद्यालयलाई आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।

२०. कक्षा ११ र १२ मा ऐच्छिक विषयका रुपमा विज्ञान विषय पठन पाठन गर्न चाहने विद्यालयलाई प्रोत्साहन गरिनेछ ।

२१. सवै विद्यालयहरुमा आवश्यकता अनुसार बालमैत्री फर्निचरको व्यवस्था गरिनेछ। विद्यालयहाता भित्र सुरक्षित वातावरमा पठनपाठन गर्न विद्यालय घेरावार तथा कम्पाउण्ड वाल निमार्ण कार्यलाइ निरन्तरता दिइनेछ।

२२. विद्यालय दिवा खाजालाई थप व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

२३. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिमा सञ्चालन गरीने सवै विधामा विद्यालयको सहभागितालाई अनिवार्य गरिनेछ। जिल्ला स्तरीय प्रतियोगितामा पदक जित्ने विद्यार्थीलाई गाउँपालिकाबाट सम्मान गर्ने नीति लिइनेछ। साथै विद्यालय स्तरमा खेलकुदका कार्यकमहरुलाई प्रोत्साहन गर्दै लगिनेछ।

२४. गाउँपालिका क्षेत्र भित्रका युवाहरुलाई लक्षित गरी प्राविधिक तथा व्यावसायिक सीप सम्वन्धी तालिम सञ्चालन गरी युवाहरुलाई स्वरोजगारमुखी वनाइने छ।

२५. विद्यालयहरुमा शिक्षक विद्यार्थीको अनुपात र विषयगत आधारमा दरवन्दी मिलान तथा पुर्नरवितरण गरी न्यायोचित वितरण गरिनेछ।

२६. सवै सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुका लागि निशुल्क सेनिटरी प्याड वितरणको कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गरिनेछ।

२७. गाउँपालिका सञ्चालित विद्यालयहरुमा कार्यरत महिला शिक्षक सुत्केरी भएको अवस्थामा निजको स्थानमा सट्टा वैकल्पिक शिक्षकको व्यवस्था गरिनेछ। जसका कारण लामो समय विद्यालयको पठनपाठन अवरुद्ध भइ हुने शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न टेवा पुग्ने अपेक्षा गरिएको छ।

२८. सवै सामुदायिक विद्यालयहरुमा प्रचलित ऐन नियमावली अनुरुपको योग्यतम प्रधानाध्यापक नियुक्ति गर्ने व्यवस्था मिलाइनेछ।

२९. गाउँपालिका क्षेत्र भित्र सञ्चालित माध्यमिक विद्यालयहरुले विद्यार्थीको सहज आवत जावतलाई मध्यनजर गरी बस सञ्चालन गर्न चाहेमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिइने छ।

३०. लागु औषध दुर्व्यशनी, बाल विवाह, बहु विवाह, सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु गाउँपालिका क्षेत्रभित्र रहेका प्रत्येक विद्यालयहरुमा हप्तामा एक पटक डकुमेन्ट्री तथा सिकाई कक्षा मार्फत संचालन गरिने छ । साथै यस अभियानलाई प्रभावकारी बनाउन फ्लेक्स, ब्रुसर, सडक नाटक, लगायतका कार्यक्रमहरु संचालन गरिनेछ।

३१. विद्यालयमा नैतिक शिक्षामा जोड दिने नीति अवलम्बन गरिने छ। विद्यार्थीहरुलाई अनुशासित र नैतिक शिक्षा प्रदान गर्न शिक्षकहरुलाई प्रोत्साहित गरिने छ।

३२. १ विद्यालय १ खेल मैदान व्यवस्था गदै जाने नीतिलाइ निरन्तरता दिइनेछ।

३३. गा.पा भित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययन अध्यापन गर्ने गराउने विद्यार्थी तथा शिक्षकहरुको प्रतिभाको पहिचान गरी थप प्रोत्साहन तथा सम्मान गर्ने नीतिलाइ निरन्तरता दिइनेछ ।

३४. सामुदायिक विद्यालयहरुको गुणस्तर अभिवृद्धि र प्रोत्साहनका लागि आधारभूत र माध्यमिक तहको परीक्षामा उत्कृष्ट नतिजा ल्याउने कम्तीमा २ वटा विद्यालयलाई **गाउँपालिका उत्कृष्ट शिक्षा पुरस्कार** दिइने छ ।

३५. यस गा.पा भित्रका सामुदायिक विद्यालयका आवि र माविका तहका स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकलाई ऐन नियमावलीले निदृष्ट गरे बमोजिम सरुवा गर्ने नीतिलाइ निरन्तरता दिइनेछ ।

३६. विद्यार्थीलाई विभिन्न कारणले पर्ने मनोसामाजिक समस्यालाई समाधान गर्न गाउँपालिका भित्र रहेका कक्ष ५ माथिका प्रत्येक विद्यालयमा हप्ताका एक घण्टी मनोसामाजिक मनोविमर्श कक्षा संचालन गरिने छ ।

३७. शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षकमा रहेको ज्ञान, सिप क्षमताको अन्तरलाई परिपूर्ति गर्न शिक्षकहरुलाई तालिमको आवश्यकताको पहिचान गरी आवश्यक पर्ने तालिमहरु संचालन गरिने छ ।

३८. **"एक विद्यालय एक बगैंचा"** कार्यक्रम अनिवार्य रुपमा संचालन गरिने छ ।

३९. सबै विद्यालयहरुमा विद्युतिय हाजीरीको अनिवार्य व्यवस्था गरिनेछ । साथै सबै माध्यमिक विद्यालयमा सि.सि. टि.भी., जडान गरिनेछ ।

४०. गाउँपालिकाको आवश्यकता र प्राविधिक शिक्षालाई जोड दिनका लागि कम्तीमा २ वटा विद्यालयमा कृषि तथा भेटनरी शिक्षालाई अनिवार्य गरिनेछ । साथै प्राविधिक शिक्षालाई थप प्रभावकारी बनाउन कार्यक्रम संचालन गरिनेछ ।

४१. यस गाउँपालिकाको वडा न. ८ को गणेशचौरमा मदन भण्डारी महाविद्यालयको निर्माणको कार्य यसै आर्थिक वर्षमा शुरु गरिनेछ । साथै उक्त महाविद्यालयमा कृषि र उद्योगका लागि पठन पाठन गर्ने र अनुसन्धान गर्ने केन्द्रका रुपमा विकास गरिनेछ ।

४२. हरेक शुक्रबार विद्यालयले विद्यार्थीका लागि अनिवार्य अतिरिक्त क्रियाकलापहरु गर्नुपर्ने छ र शैक्षिक सत्रको अन्त्यमा विद्यालय विद्यालय बिंच अतिरिक्त क्रियाकलापको प्रतिस्पर्धा गराई विद्यालय र विद्यार्थीलाई पुरस्कृत गरिनेछ ।

४३. गाउँपालिकाका विद्यालयमा रेडक्रस कार्यक्रम र स्काउट कार्यक्रमलाई कक्षा ५ भन्दा माथि संचालित कार्यक्रममा अनिवार्य र व्यवस्थित रुपमा संचालन गरिनेछ ।

४४. विभिन्न क्षेत्रमा विद्यार्थीहरुलाई आर्कर्षित गर्ने र प्रतिभावान विद्यार्थीको प्रतिभा पहिचान तथा प्रस्फुटन गरी प्रतिभावान विद्यार्थी लाई सिकाईको अवसर प्रदान गर्न नृत्य र संगितको शिक्षक व्यवस्था गरी सबै विद्यालयमा महिनाको एक दिन प्रशिक्षण गर्ने व्यवस्था गरिनेछ ।

४५. किशोर किशोरी अवस्थामा आउने शारिरिक तथा मानसिक परिवर्ततलाई जाकारी गराउने र उक्त अवस्थाका किशोर किशोरीलाई सही बाटोतर्फ मार्गनिर्देश गर्न प्रत्येक माध्यमिक विद्यालयमा किशोर किशोरी शिक्षा संचालन गरिनेछ र उक्त कार्यक्रममा किशोर किशोरीलाई प्रतोत्साहन स्वरुप बार्षिक रु ५०० उपलब्ध गराइनेछ ।

४६. नेपालको संविधान र कानूनको बारेमा विद्यार्थीहरुलाई जानकारी गराउन विद्यालयमा छुट्टै कक्षा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

४७. गाउँपालिकाभित्र गुणस्तरीय उच्च शिक्षाको व्यवस्था गर्न महाकाली क्याम्पस, सिम्लेको व्यवस्थापन र शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ । साथै उक्त क्याम्पसमा सिप मुलक तालिम संचालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**(ग) महिला, बालबालिका तथा समावेशी सम्बन्धी नीतिः**

१. **“हाम्रो भविष्यको पहिचान र आधार, बालबालिकाको अधिकार सहितको समग्र विकास”** भन्ने नारामा साथ यस थाक्रे गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्न बालश्रम उन्मुलन तथा बालमैत्री गाउँपालिका निर्माणका लागि बाल विकास र संरक्षणमा सघाउ पुऱ्याउने कार्यक्रम संचालन गरिनेछ । यस बर्ष गाउँपालिकालाई बालश्रम मुक्त गाउँपालिका घोषणा गरिने छ ।

२. गाउँपालिका भित्र रहेका अति विपन्न घरपरिवारलाई स्वरोजगार एवम् आयआर्जनको कार्यक्रम मार्फत गरिबी निवारणको गर्ने नीति लिइने छ । यसका लागि **“विपन्नसँग अध्यक्ष”** कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिइनेछ ।

३. गाउँपालिका क्षेत्र भित्र रहेका महिला, अपाङ्ग, जेष्ठ नागरिक, बालबालिका र पिछडिएको वर्गको सशक्तिकरणमा विशेष जोड दिइनेछ । गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण महिलाको समग्र विकासका लागि एक परिवार कम्तीमा एक सदस्य रहने गरी गाउँपालिका क्षेत्रभरी महिला समूह गठन, परिचालन तथा महिला सशक्तिकरण र संस्थागत विकास गर्ने नीतिलाई यस वर्ष पनि निरन्तरता दिइने छ ।

४. महिला, दलित, सिमान्तकृत लक्षित समुदाय तथा अन्य घरेलु हिंसाबाट पिडित महिलाहरुलाई लक्षित गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गर्नुका साथै **“उद्यमीसँग उपाध्यक्ष”** कार्यक्रम को माध्यमबाट उनीहरुको जीवन स्तर उकास्ने गरी आर्थिक सशक्तिकरण गरिने छ ।

५.सामाजमा विद्यमान रहेका हानिकारक अभ्यासहरु, कुरितीहरु र कुसंस्कृती जस्तै बालविवाह, बहुविवाहको अन्त्य गर्दे बालहिंसा, लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन विभिन्न सचेतना मुलक कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिने छ ।

६. अपांगता भएका व्यक्तिहरुको जीवनयापनलाई सहज बनाउन उनीहरुलाई आवश्यक पर्ने सहायता सामाग्रीको व्यवस्थापन गर्न र उनीहरुलाई व्यवसायिक सिप सिकाई आत्मनिर्भर तर्फ उन्मुख गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

७. अपांगता भएका व्यक्ति, एकल महिला, जेष्ठ नागरिकका भलाई तथा हितका लागि (आर्थिक जिविकोपार्जन, सामाजिक, शैक्षिक आदि) सहयोग पुर्‍याउने हेतुले गाउँपालिकाले एक छुट्टै **"सहयोग कोष"** को स्थापना संगै आवश्यक कार्यविधि निर्माण गरि कार्यान्वयनमा जोड दिइनेछ ।

८. अपांगता भएका व्यक्तिहरुलाई सेवामा विशेष प्रार्थमिकता दिई सिफारिश लगायतका सेवा सुविधाहरु निशुल्क उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।

९. गाउँक्षेत्रमा हुने घरेलु हिंसा तथा लैगिक हिंसालाई निरुत्साहित गर्न जोड दिइनेछ । घरेलु हिंसामा परेका महिलाहरुका लागि संचालित सुरक्षित आवास गृह व्यवस्थित रुपमा नयाँ भवनबाट संचालनमा ल्याइने छ ।

१०. **"विकासमा महिला, समृद्धिमा पहिला"** भन्ने नारालाई आत्मसाथ गर्दै गाउँपालिकाबाट संचालन गरिने विकास निर्माणका कार्यहरुमा महिलाहरुको नेतृत्व वृद्धि गर्ने नीतिलाई अवलम्बन गरिने छ । वडा स्तरका उपभोक्ता समिति मार्फत संचालन गरिने योजनामा कम्तीमा एक तिहाई योजनामा महिला नेतृत्वमा संचालन गर्ने नीति अवलम्बन गरिने छ । प्रत्येक योजनामा ५०% महिला उपभोक्ता समितिमा अनिवार्य राखिने व्यवस्था गरिनेछ ।

११. गाउँपालिकाको बार्षिक कार्यक्रम बनाउँदा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा प्रकृया अवलम्बन गर्ने नीति लिइने छ । साथै गाउँपालिकाले वार्षिक रुपमा लैगिंक समानता तथा सामाजिक समावेशीकरण परिक्षणलाई अनिवार्य गर्ने नीति लिइने छ ।

१५. गाउँपालिकाको न्यायि समितिका सदस्यहरु तथा मेलमिलापकर्ताहरु, मनोसामाजिक विमर्शकर्ताहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ । समुदायमा हुने विवाद समाधान गर्न मेलमिलाप गर्ने नीति अवलम्बन गरिने छ । वार्डस्तरीय मेलमिलाप केन्द्र तथा मेलमिलापकर्ताहरुको सुचिकृत गरि व्यवस्थापन गरिनेछ । न्यायिक समितिलाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ ।

१६. लागू औषध दुर्व्यसनी न्युनीकरण गर्न सम्बन्धीत संस्थाहरुसँग समन्वय गरी चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

१७. घरेलु मादक पदार्थ उत्पादनलाई निरुत्साहित गरी वैकल्पिक आय आर्जन पेशामा प्रोत्साहन गर्ने कार्यक्रम संचालन गरिनेछ ।

१८. गाउँपालिकामा वर्षो देखि रहेका मुस्लिम समुदायको सम्बर्द्धन तथा मातृभाषा शिक्षालाई प्रवर्द्धन गर्ने तथा उनीहरुको चाडपर्वलाई प्रोत्साहन गरिनेछ ।

१९. समाजमा पछाडी पारिएका प्रजा समुदायका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

२०. महिला विरुद्ध हुने सबै खालको हिंसा निर्मुल गर्ने कार्यक्रमहरु संचालन गरी समुदायमा सचेतनामुलक अभियानहरु संचालन गरिनेछ ।

२१. स्वच्छ महिनावारी, किशोरी दिवस, वाल दिवस, मानव अधिकार दिवस लगायतका दिवसका अवसरमा विभिन्न सचेतना कार्यक्रम संचालन गरिनेछ ।

२२. राई समुदायको धर्म, संस्कृतिको पहिचान र प्रवर्द्धन गर्न सांस्कृतिक पहिचान सहितको स्टायाचु ( मुर्ति) निर्माण गरिनेछ । साथै सास्कृतिक सम्पदाको संरक्षण र विकासका लागि कार्यक्रम संचालन गरिनेछ ।

**(घ) खानेपानी तथा सरसफाई सम्बन्धी नीतिः**

१. गाउँपालिका क्षेत्रभित्रका नदीजन्य पदार्थ जस्तैः ढुंगा गिट्टी बालुवाको आंकलन गरी निर्दिष्ट क्षेत्रहरुबाट त्यस्ता वस्तुमा उत्खनन, संकलन, प्रशोधन, ओसारप्रसार र विक्री वितरणलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

२. खानेपानी पुगेका सबै घरधुरीमा स्वच्छ खानेपानी पुऱ्याई **"एक घर एक धारा"** कार्यक्रमलाई कार्यान्वयन गरिनेछ साथै एक घर एक धाराको पहुँन पुगेको घरमा खानेपानी मीटर जडान गरी व्यवस्थित गर्ने कार्य गरिनेछ ।

३. खानेपानी तथा सरसफाईका लागि आवश्यक पर्ने पुर्वाधार तयार गरी विद्यालय, आम संचार माध्यम सामाजिक संजाल लगायतका माध्यमबाट आम जनतामा सचेतना अभिवृद्धि गरी पुर्ण सरसफाई कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

४. यस आर्थिक बर्षमा गाउँपालिकाको आवधिक योजना निर्माणसँसँगै खानेपानी तथा सरसफाई गुरुयोजना तयार गरी कार्यन्वयनमा ल्याइने छ ।

५. जैविक विविधताको संरक्षण गर्न र हाल भईरहेको खानेपानीका श्रोतहरु सुक्दै गएकाले प्रत्येक वडामा कम्तीमा एक एक वटा परम्परागत पोखरीहरु निर्माण गर्ने प्रोत्साहित गरिनेछ ।

६. सबै घरको वातावरणलाई स्वच्छ एवम् स्वस्थ्य राख्न **"एक घर एक बगैंचा कार्यक्रम"** संचालन गरिनेछ सो का लागि यस बर्ष **एक घर न्युनतम पाँच फुलको विरुवा** निशुल्क वितरण कार्यक्रम संचालन गरिनेछ ।

७. वातावरणमैत्री गाउँपालिका निर्माणका लागि फोहोरमैला व्यवस्थापन गर्न डंम्पीङ साइड निर्माण कार्य अगाडी बढाइनेछ । साथै सार्वजनिक, निजी, साझेदारीमा सार्वजनिक स्थल सरसफाई, बाटो सरसफाई, प्लाष्टिकजन्य वस्तुको प्रयोगमा न्युनीकरण तथा निषेध गर्न सहकार्य, समन्वय र पारस्पारिक सहयोगका आधारमा कार्यक्रमहरु संचालन गरिनेछ ।

## ३. पुर्वाधार विकास तर्फ

**(क) भौतिक पुर्वाधार विकास (भवन तथा शहरी विकास) सम्बन्धि नीतिः**

१. गाउँपालिका स्तरीय यातायात गुरु योजना (MTMP) तयार गरी सोही अनुसार सडक लगायत यातायातसँग सम्बन्धीत कार्यक्रम संचालन गरिनेछ ।

२. गाउँपालिका भित्रका मुख्य सडकहरुमा कालोपत्रे तथा स्तरोन्नति गर्ने कार्यलाई तिव्रताका साथ निरन्तरता दिइनेछ ।

३. गाउँपालिका क्षेत्रका सानातिना सडकहरु मर्मत संभार तथा स्तरोन्नतीका लागि मर्मत सम्भार कोष मार्फत सडक मर्मत सम्भार र स्तरोन्नती गर्ने कार्यलाई उपभोक्ता साझेदारीमा संचालन गर्ने नीति अवलम्बन गरिने छ ।

४. सडकको कारणले हुने भुक्षयलाई कम गर्न वायो इन्जिनियरीङ प्रविधिलाई जोड दिईने छ ।

५. भवन तथा शहरीकरणलाई व्यवस्थित गर्न प्रकोग प्रतिरोधी संरचना निर्माण गरी जोखिम न्युनीकरण गर्न भवन आचार संहिता निर्माण गरी कार्यान्वयन गरिने छ र नयाँ बन्ने  निजी, सामुदायिक र सरकारी भवन निर्माण गर्दा नक्सापास अनिवार्य गरिनेछ ।

६. सडक सञ्जाल निर्माण गर्दा यातायातलाई आर्थिक प्रणाली सँग आवद्ध गरी पुर्वाधार र आर्थिक विकासलाई सँगसँगै लैजानका लागि कृषि उत्पादन र बजारीकरणलाई प्रार्थमिकतामा राखी सडकको विकास र विस्तार गर्दे लैजाने नीति अवलम्बन गरिने छ ।

७. दीगो विकासको लक्ष्य प्राप्तीका लागि जनसहभागितामा आधारित आयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

८. स्थानीय श्रोतसाधन, सीपको प्रयोगबाट संचालन हुने आयोजना र स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने आयोजना र उपभोक्ताको लागत साझेदारी हुने योजनालाई प्रार्थमिकता दिइनेछ ।

९. विकास निर्माण कार्यलाई दिगो र गुणस्तर योजना तथा कार्यक्रमको नियमति अनुगमन गर्ने, कम्तीमा दुई पटक अनुगमन गरी सो को प्रतिवेदन तयार गर्ने, समुदायबाट नै अनुगमन गर्ने सयन्त्र तयार गरि अनुगमन समितिको कार्यलाई अझ प्रभावकारी बनाइने छ । साथै विकास निर्माणको गुणस्तर मापनका निमित्त सरोकारवालाहरुसँग समन्वय गरा प्रयोगशाला स्थापना गरिने छ ।

१०. विद्यालय, सामुदायिक भवन र सरकारी भवन निर्माण गर्दा निर्माण हुने संरचनाहरु अपाङग मैत्री, बालमैत्री, लैगकिमैत्री र वातावरणमैत्री बनाउने नीति अवलम्बन गरिने छ ।

११. उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएका आयोजनाहरु नियमानुसार उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने नीति अवलम्बन गरिनेछ । हस्तान्तरित योजनाको सम्पूर्ण मर्मत संम्भारका लागि उपभोक्ता समिति दर्ता गरी समितिलाई नै जिम्मेवार बनाइनेछ ।

१२. आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि बोलपत्र (ठेक्का) प्रकृया मार्फत संञ्चालन गरिने आयोजनाहरु सम्बन्धित वडाका वडाध्यक्षको रोहवरमा आयोजना समन्वय समिति निर्माण गरि आयोजना कार्यान्वयनमा ल्याइनेछ ।

१३. गाउँपालिकाको सबै वडाहरुमा ठूला आयोजनाहरु सडक, खानेपानी, सिंचाई एवम् अन्य पूर्वाधार निर्माणमा DPR निर्माण गरि व्यवस्थित रुपमा कार्य संचालन गरिने छ । गाउँपालिकाबाट गरिने खरिद लगायतका कार्यहरु e-bidding मार्फत गरिने छ ।

१४. प्रविधिको प्रयोग बढेसँगै यस गाउँपालिकालाई पनि प्रविधिमैत्री बनाउन गाउँपालिकाका मुख्य मुख्य भौतिक संरचनाहरुको डिजिटल नक्शांकनको कार्य प्रारम्भ गरिननेछ । सडक अभिलेखिकरणको कार्यलाई जी.आई.एस.(भौगोलिक सूचना प्रणाली) सँग आवद्ध गरी अगाडी बढाइनेछ ।

१५. व्यवस्थित तथा योजनावद्ध शहरी विकासलाई प्रोत्साहित गर्ने नीति लिइनेछ र सार्वजनिक जग्गाको लगत संकलन गरी संरक्षणको नीति अवलम्बन गरिनेछ ।

१८. गाउँपालिकाको पुर्वाधार निर्माण गर्दा लागत रु २० लाख भन्दा कम बजेट भएका आयोजनाहरु उपभोक्ता समिति मार्फत र सो भन्दा माथिको आयोजनाहरु अनिवार्य रुपमा ई-बिडिङ मार्फत संचालन गरिनेछ ।

१६. पुर्वाधार सम्बन्धी चेकलिष्टहरु तयार गरी तथा प्रविधिमैत्री अनुगमन एप्लिकेसन/औजार जस्तै SOLSTIC/MIMS प्रयोग मार्फत अनुगमन कार्यलाई अझ बढि प्रभावकारी र पारदर्शी बनाइनेछ ।

१७. प्रधानमन्त्री रोजगार कार्यक्रमको सफल कार्यान्वयन गर्नका लागि सामाग्री खरीद तथा अन्य प्रयोजनाका लागि समपुरक कोषको व्यवस्था गरिनेछ ।

१८. उपभोक्ता समिति मार्फत संचालन गरिने आयोजना तथा कार्यक्रमलाई प्रभावकारी र गुणस्तरीय बनाई पारदर्शिता र जवाफदेही बनाउन उपभोक्ता समितिहरुलाई तालिम प्रदान गरिनेछ । साथै आयोजना तथा कार्यक्रम सम्झौता लगायतका कामहरु अनलाईन योजना सफ्टवेयर प्रणलीबाट गरिने कार्यलाई थप प्रभावकारी बनाइने छ ।

१९. पुर्वाधार योजनाको कार्यन्वयन समयमा सम्पन्न गर्न, योजनाको कार्यान्वयन र अनुगमनलाई सहज र सरल बनाउन योजना कार्यान्वयनको कार्यतालिका तयार गरी कार्यान्वयन गरिनेछ ।

२०. आगामी आ.व.भित्र वृद्धाआश्रम, हाम्रो मानव सेवा घर, किरिया पुत्री भवन निर्माण कार्य सम्पन्न गरिनेछ । साथै लिति दोभानमा पक्की पुल निर्माण कार्य शुभारम्भ गरिनेछ ।

२१. हाल निर्माणधीन वडा न.१० को गा.पा. स्तरीय खेलमैदानको बाकी काम यसै वर्ष पुरा गरी उक्त स्थानमा मिनी कवर्ड हल समेत निर्माण गरिनेछ ।

२२. शहरी विकास मन्त्रालयबाट डि.पि.आर.तयार गरी कार्यान्वयनको चरणमा रहेको लामीडाँडा मिनी शहर कार्यक्रमलाई तिव्रताका साथ अगाडी बढाइनेछ ।

२३. गाउँपालिकाबाट संचालति सबै योजनाको सार्वजनिक सुनुवाई अनिवार्य गराइनेछ । र प्रत्येक वडामा गाउँपालिका स्तरीय चौमासिक सार्वजनिक सुनुवाई गरिनेछ ।

## ४. वन, वातावरण तथा विपद व्यवस्थापन तर्फः

### (क) वन, वातावरण तथा विपद व्यवस्थापन नीतिः

१. फोहरमैला संकलन, पून उपयोग, प्रशोधन र विसर्जन गरी सफा गाउँ शहर निर्माण नीति अबलम्बन गरिने छ ।

२. वनजंगल, वन्यजन्तु, ढुंगा, बालुवा गिट्टी, नदी, खोला, खानी आदी प्राकृतिक श्रोतहरुको उचित व्यवस्थापन गर्दे प्रकृतिजन्य सम्पदाहरुलाई दीगो विकासको सिद्धान्त अनुकुल बनाईने नीति अवलम्बन गरिनेछ ।

३. वातावरण स्वच्छता कायम गर्न सडक किनार, विद्यालय, औद्योगिक करिडोर र नदी तटीय क्षेत्रमा हरियाली कार्यक्रम संचालन गरिनेछ । भु-संरक्षण एवम् पहिरो निन्त्रणको लागि वृक्षारोपण कार्यक्रम एवम् रोकथामका विधि अवलम्बन गर्ने नीति लिइनेछ ।

४. वन संरक्षण, व्यवस्थापन, दिगो उपभोग र स्वच्छ वातावरणका लागि समुदायमा आधारित वन व्यवस्थापन प्रणालीलाई अझ सुदृढीकरण गरिनेछ । जैविक विविधताको संरक्षण, वातावरणीय सेवा र जीविकोपार्जनका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

५. विपद्बाट हुनसक्ने क्षतिको तत्काल उद्धार, राहत र पूर्नस्थापनाका लागि आवश्यक जनशक्ति सामाग्री र श्रोतको व्यवस्थापन गरिनेछ ।

६. उच्च जोखिममा रहेका क्षेत्र लक्षित समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्यक्रम संचालन गरी समुदायको विपद् उत्थानशीलता अभिवृद्धि गरिनेछ ।

७. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा निजी क्षेत्रको संलग्नता तथा संङघ, प्रदेश र गैरसरकारी संघसंस्थासँग सहयोग, सहकार्य गर्ने नीति अवलम्बन गरिने छ ।

८. बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपबाट जोखिममा रहेका वस्ती, घर वा संरचनाको पहिचान गरी त्यस्ता वस्ती, घर वा संरचनालाई सुरक्षित ठाँउमा स्थान्तरण गरिने छ ।

९. प्रकोपबाट प्रभावित भएका परिवार वा व्यक्तिलाई राहत, उद्दार र पुर्नरनिर्माण तथा पुर्नरथापनकाका कार्यक्रमहरु संचालन गरिनेछ ।

१०. विपद पुर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्ययोजना तयार गरी लागु गरिने छ । साथै विपद् उद्दारकर्ता को लगत संकलन र तालिमको व्यवस्थापन गरिनेछ ।

११. विपदलाई व्यवस्थापन गर्नका लागि विपद व्यवस्थापन कोष संचालन गरी उक्त कोषमा प्रयाप्त बजेट विनियोजन गरिनेछ ।

१२. प्रत्येक वर्ष चट्यांङबाट भौतिक तथा मानविय क्षति व्यहोर्नु परेकोले यस गाउँपालिकाको वार्ड न.३ मा चट्याङ प्रतिरोधी टावर निर्माण कार्य अगाडी बडाइने छ ।

१३. विपद तथा महामारीलाई सबैको सहभागिता र सक्रियतामा व्यवस्थापन गर्न गाउँपालिका स्तरीय स्वयम्सेवक बैंक स्थापना गरी संचालनमा ल्याइनेछ ।

१४. भुक्षय रोक्न र वातावरण संरक्षण गर्न गा.पा. स्तरीय नर्सरी निर्माण गरि भुगोल अनुसारको विरुवा उत्पादन गरी वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।

## ५. सुशासन र संस्थागत विकास तर्फः

### (क) संस्थागत विकास, सेवा प्रवाह/सूचना प्रविधि र सुशासन सम्बन्धी नीतिः

१. गाउँपालिकाको कार्यालय भित्र रहेको सुचना केन्द्रको सुदृढीकरण गरी गाउँपालिकावासीलाई सूचनाको पहुँचमा अभिवृद्धि गरिनेछ ।

२. सबै वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवालाई थप सूचना प्रविधिमैत्री बनाइनेछ । गाउँपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवाहरुलाई थप प्रभावकारी, चुस्त र पारदर्शी बनाइने छ ।

३. सुचनाको हक सम्बन्धी ऐनका बारेमा गाउँपालिकावासीलाई सुसूचित गरिनेछ । साथै गाउँपालिकाबाट भएका विकास गतिविधिहरुलाई स्थानीय एफ.एम., पत्रपत्रिका तथा सामाजिक संजाल मार्फत प्रचारप्रसार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४. योजना तर्जुमा प्रक्रियाबाट आएका कार्यक्रम वा योजनाहरुलाई मात्र कार्यान्वयन गर्ने नीतिलाई प्रार्थमिकता दिईनेछ ।

५. नागरिक बडापत्र प्रति संम्पूर्ण सेवाग्राही र कर्मचारीको ज्ञान अभिवृद्धि गरी सोको व्यवहारिक प्रयोग गर्ने, साथै क्षतीपूर्ती सहित नागरिक बडापत्रको व्यवहारिक कार्यान्वयन गरिनेछ ।

६. गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत शाखा प्रमुख, वडा कार्यालय, स्वास्थ्य संस्था प्रमखसँग कार्य सम्पादन सम्झौता गरी आर्थिक वर्षको अन्त्यमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई सम्मान गरिनेछ ।

७. गाउँपालिकाको सेवा प्रवाहको सम्बन्धमा प्राप्त भएको उजुरी र गुनासो सुनुवाई संयन्त्रलाई प्रभावकारी बनाइनेछ साथै छुट्टै डेस्कको व्यवस्थापन गरिनेछ ।

८. गाउँपालिकाले सम्पन्न गरी सकेका संस्थागत स्वमूल्याकंन तथा लैगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण पश्चात् तयार गरिएको कार्य योजनाहरुलाई प्रभावकारी कार्यान्वयन गर्दे लैजाने नीति लिइने छ ।

९. गाउँपालिकाको सेवा प्रवाहको गुणस्तरलाई थप प्रभावकारी बनाउन सो बारेमा समिक्षा गर्न कार्यपालिका, शाखा प्रमुख तथा वडा सचिवहरुको चौमासिक प्रगति समिक्षा बैठक संचालन गरिने छ ।

१०. गाउँपालिका तथा वडाको काम कारवाहीलाई अझ बढि प्रभावकारी र व्यवस्थित बनाउन अनुगमन तथा मूल्याकंन प्रणालीलाई सूचकमा आधारित बनाई संस्थागत गर्ने प्रभावकारी रुपमा लागु गरिनेछ ।

११. गाउँपालिकाको पारदर्शिता एवम् सुशासनका लागि गाउँपालिकाको आम्दानी तथा खर्चलाई सार्वजनिकीकरण गर्ने कार्यलाई निरन्तरता दिनुका साथै गाउँपालिका विकास निर्माण कार्यमा पारदर्शिता कायम गर्न योजना स्थलमा नै सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२. गाउँपालिकाले सम्पादन गरेको कार्यको संबन्धमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई गर्ने, सेवा प्रवाहलाई सहज बनाउन प्रत्येक वडामा एकिकृत घुम्ती सेवा संचालन गरिनेछ ।

१३. आम नागरिकलाई सूचनामा सहज पहुँच सृजना गर्न गाउँपालिकाको संपूर्ण विषयगत सूचनाहरु गाउँपालिकाको वेभसाइटमा अद्यावधिक गर्ने ।

१४. गाउँपालिकाको विकास निर्मणका कार्यलाई समावेशी, पारदर्शी, उत्तरदायी तथा जनसहभागितामुलक बनाइनेछ ।

१५. तत्कालिन गाउँ विकास समितिबाट पेश्की रकम लिई हालसम्म फर्स्योट नभएको, म्याद नाघेको पेश्की फश्यौट् कार्यलाई प्रभावकारी पहल गरिनेछ ।

१६. आफ्नो वडा कार्यालय भवन नभएको वडाहरुमा वडा कार्यालय भवन निर्माण गरिनेछ साथै सबै वडा कार्यालय भवनलाई प्रविधिमैत्री बनाइनेछ ।

१७. आगामी आ.व. भित्र गाउँपालिका भवन निर्माण सम्पन्न भई आफ्नै भवनमा कार्यालय संचालन गर्ने व्यवस्था मिलाइने छ साथै बिषयगत शाखाहरुको सुदृढिकरण गरी कार्यसम्पादनलाई प्रभावकारी बनाइनेछ ।

१८. First come First Service को सिद्धान्त अनुसार सेवा प्रवाहमा हुने असन्तुष्टीलाई हटाउन टोकन प्रणाली लागु गरिनेछ ।

१९. कार्यालयलाई प्रविधिमैत्री बनाइनेछ साथै गाउँपालिकाको निश्चित क्षेत्रलाई फ्रि वाईफाई जोन (free wifi zone) बनाउन आवश्यक कार्य थालनी गरीनेछ । गाउँपालिका र वरपरका क्षेत्र, सबै माध्यमिक विद्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थामा CCTV जडानको कार्य गरिनेछ ।

२०. कार्यालयलाई सेवाग्राहीमैत्री बनाउन सेवाग्राही प्रतिक्षालय, सहायता कक्ष, र सोधपुछ कक्षको व्यवस्था मिलाइनेछ ।

२१. कर्मचारी एवम् पदाधिकारीहरुको क्षमता विकासका लागि तालिम, अध्ययन, अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ साथै कर्मचारीको मनेवल उच्च बनाई कार्य सम्पादनमा प्रभावकारीता अभिवृद्धि गर्न विगतदेखि दिदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ र उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गरिनेछ ।

२२. विकासमा साझेदार संस्थाहरुबाट साझेदारीमा संचालन गरिने गाउँपालिका स्तरीय योजनालाई प्रभावकारी तथा नतिजामुखी बनाई कार्यान्वयन गर्न प्रोत्साहित गरिनेछ ।

२३. व्यक्तिगत घटना दर्तालाई अभियानको रुपमा संचालन गर्न घटना दर्ता शिविर संचालन गरिनेछ ।

२४. सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालन गरिने योजना तथा आयोजनाहरुको अनुगमन, मूल्याकंन पद्धतीलाई व्यवस्थित र वस्तुपरक गरिनेछ ।

२५. गैरसरकारी संघ संस्थाहरुबाट संचालन गरिने सबै प्रकारका सहयोग तथा सेवाहरुलाई गाउँपालिकाको एकद्धार प्रणाली मार्फत संचालन गरि व्यवस्थित बनाइनेछ । गैर सरकारी संस्थालाई नियमन गरी कार्यक्षेत्रको दोहोरोपना अन्त्य गरिनेछ ।

२६. उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको वर्गीकरण गरी प्रत्येक निर्वाचित वडा प्रतिनिधिहरुलाई जिम्मेवारी बाँडफाँड गरी योजना संचालन र सम्पन्नताको समय सिमा निर्धारण गरी जिम्मेवारी प्रदान गरिनेछ ।

२७. पत्रकारिता क्षेत्रको प्रवर्द्धन एवम् विकासका लागि पत्रकार महासंघ लगायत संचारसँग सम्बद्ध निकायहरसँग समन्वय गरी सञ्चारमैत्री कार्यक्रम गर्ने नीति लिइनेछ ।

२८. सुशासन एवम् पारदर्शितालाई मुल मन्त्र मानी सञ्चार माध्यमलाई मर्यादित एवम् सम्मानित र जिम्मेवार बनाउन प्रत्येक बर्ष उत्कृष्ट पत्रकार सम्मान कार्यक्रम संचालन गरिनेछ ।

२९. यस गाउँपालिकाको सुशासन र सेवा प्रवाहका सम्बन्धमा जिज्ञासा गुनासो सुनुवाइ गर्नको लागि संञ्चार माध्यम मार्फत समृद्धिका लागि सहयात्रा, जनतासँग अध्यक्ष, र न्यायिक आवाज कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अन्त्यमा यो नीति तथा कार्यक्रम थाक्रे गाउँपालिका विकासको मार्गचित्र र थाक्रेवासीको माग र आवश्यकताको प्रतिफल हो । यसलाई तयार गर्दा मैले राजनीतिक दल, कार्यपालिका सदस्य, राष्ट्रसेवक कर्मचारी, वुद्धिजीवि, शिक्षक, समाजसेवी, विकास साझेदार संघसंस्था लगायत सबै क्षेत्रको सल्लाह सुझावलाई  समेट्ने प्रयास गरेको छु । नीति तथा कार्यक्रमको तर्जुमामा अमुल्य सुझाव दिनुहुने एवं सहयोग गर्नुहुने सम्पुर्णमा म हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट कोभिडको कारणले थिलथिलो भएको अर्थतन्त्रमा पुर्नउत्थान हुने, रोजारी सृजना हुने, कृषि उद्योग तथा सामाजिक विकासको माध्यमबाट सबै थाक्रेवासीको समुनति हुने तथा सामाजिक, आर्थिक, भौतिक, सांस्कृतिक लगायत सर्वाङिण पक्षको विकास भई “समृद्ध थाक्रे र सुखी थाक्रेवासी” को हाम्रो लक्ष्य पुरा हुने अपेक्षा राखेको छु । तसर्थ नीति तथा कार्यक्रमको सफल कार्यान्वयन गर्नका लागि सम्पुर्ण गाउँसभा सदस्य ज्यूहरु, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजीविहरु, समाजसेवी, उद्योगी व्यवसायी, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र सम्पुर्ण थाक्रेवासी जनताको साथ र सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

धन्यवाद !

रामकुमार आचार्य

गाँउपालिका अध्यक्ष

४ असाढ २०७८